मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
महोत्तरी, नेपाल

Email: akcmahottari@gmail.com
Website: akcmahottari.p2.gov.np
Phone: 044520495, 9854032245

# सिंचाई व्यवस्थापन प्रवर्द्धन सहयोग (स्यालो ट्यूबवेल, मोटर, पम्पसेट, ईनार) कार्यक्रमको लागि खामबन्दी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०७/०४

यस कृषि ज्ञान केन्द्र, महोत्तरीको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सिंचाई व्यवस्थापन प्रवर्द्धन सहयोग (स्यालो टयूवेल /मोटर /पम्पसेट /ईनार लगायत) अनुदान कार्यक्रम संचालन गर्न १५ % लागत साझेदारीमा संचालनको लागि "भूमिगत सिंचाई व्यवस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८१" ले तोके बमोजिमका शर्तहरुको अधिनमा रही इच्छुक कृषक/ कृषक समूह/ कृषि सहकारी/ कृषि फर्म/ उद्यमीहरुले यस कृषि ज्ञान केन्द्रमा यो सूचना प्रकाशित भएको मितिले २३ औं दिन भित्र अर्थात मिति २०८१।०७।२६ गते कार्यालय समय भित्र तपसिल बमोजिमका कागजातहरु फाइलमा संलग्न राखि प्रस्ताव /आवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगेका, फारममा आवश्यक विवरण उल्लेख नभएका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्ताव /आवेदन फारम यस कार्यालयको वेवसाईट https://akcmahottari.p2.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ ।

संलग्न गर्नु पर्ने कागजातहरुः-

- रु १० को टिकट टाँस सहितको प्रस्ताव फारम ।
- कृषकको हकमा आफु र आफ्नो परिवारको नाममा रहेको २ बिघा जग्गाको जग्गा धनीपुर्जाको छाँयाप्रति, एक भन्दा वढी कृषक परिवारहरुको जग्गा मिलाएर दुई बिघा जग्गाको क्लष्टरमा सिंचाई गर्ने आपसी सहमती भएका उपभोक्ताहरुको जग्गा धनीपुर्जाको छाँयाप्रति संलग्न राखी कृषकहरु मध्ये एकजना कृषकको आवेदन प्रस्ताव, बस्तीभन्दा वाहिर टाढाको खेत १० कठ्ठाभन्दा कम जग्गामा एकल परिवारको स्वामित्वमा एकल खेती गर्ने कृषक परिवारले २ ईन्च ब्यासको स्यालो ट्युववेल जडान गर्न ईच्छुक कृषक वा कृषक परिवार, कृषक समुह, कृषि सहकारी र कृषि फर्म /उद्यमीको हकमा कम्तिमा ४ विघा जग्गा भएको धनि पुर्जा प्रमाणित प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा करारनामा / मन्जुरनामापत्र पेश गर्नु पर्ने ।
- स्यालो ट्युववेल जडान सम्भाव्य नभएको क्षेत्रमा ईनारको हकमा कम्तीमा ५ परिवार र ४ विग्घा जग्गामा सिंचाई सुविधा पुग्न सक्ने गरी संस्थागत वा आपसी सहमती भएका उपभोक्ताहरु मध्येका एक जना कृषक (लिखित सम्झौता तथा जग्गा प्रमाण पुर्जा लगायत अन्य कागजात अनिवार्य हुने र नक्शामा जग्गा तथा इनारको सामिप्यता देखु पर्ने), सम्बन्धित निवेदकको प्यान, ईनार संग जडान हुने विधुतिय मोटर, पाईप आदि आवश्यक भए सोको विवरण।
- स्थानिय निकायमा रहेको कृषि विकास शाखा वा वडा कार्यालयको सिफारिस पत्र ।
- संस्थाको पान नं., २०८०/८१ को कर चुक्ता र प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।



मनिष कुमार पाल
निमित्त प्रमुख

CamScanner

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
महोत्तरी, नेपाल

**Email:** akcmahottari@gmail.com
**Website:** akcmahottari.p2.gov.np
**Phone:** 044520495, 9854032245

मिति : २०८१/०७/०४

- कृषकको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि र कृषक समुह /कृषि सहकारीको हकमा अध्यक्ष, कोषाध्यक्ष र सचिवको नागरिकताको प्रतिलिपि र फर्म कम्पनिको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा अख्तियारी पत्र ।
- कृषक समुह /कृषि सहकारी र साझेदारी फर्मको हकमा आयोजना प्रस्ताव गर्ने सम्वन्धमा कार्यकारीणीको निर्णयको प्रतिलिपि ।
- यस ज्ञान केन्द्र र विगत २ वर्ष भित्र अन्य संघ संस्थाबाट स्यालो ट्यूवेल जडान कार्यको लागी अनुदान पाईसकेका कृषक, कृषक समूह, कृषि सहकारी, तथा कृषि फर्महरुले स्यालो ट्यूवेलको लागी निवेदन दिन पाउने छैन।
- गत विगत २ आ.व. भित्र यस ज्ञान केन्द्रवाट कुनै कार्यक्रम नपरेका (कृषक, कृषक समुह, कृषि सहकारी संस्था तथा फर्म कम्पनिहरु तथा वढी लागत सहभागिता गर्ने व्यक्ति/संस्थालाई प्राथमिकता दिइने छ।
- प्रस्ताव स्वीकृत गर्ने सम्वंन्धी सम्पूर्ण अधिकार यस ज्ञान केन्द्रमा निहित रहने छ ।
- झूटो विवरण पेश गरेको, कुनै किसिमको पेश्की वेरुजु वा अनियमितातामा परेको/ कार्यालयमा खराव आचरण प्रस्तुत गरेका व्यक्ति वा परिवारको आवेदन /निवेदन जुनसुकै बेला रद्द हुनेछ ।

नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको सुचना अधिकारी श्री अबिरल कुमार महतो कुशवाहा (९८४००४४६४३), अधिकृत छैठौं श्री राज किशोर यादव (९८६२९९६७०६), अधिकृत छैठौं श्री जय नारायण मंडल (९८६०७४९०३४) वा कृषि ज्ञान केन्द्र, महोत्तरीमा सम्पर्क गर्न सकिनेछ ।आवेदन फारमको ढाँचा यस कार्यालयको वेवसाईट https://akcmahottari.p२.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ ।

मनिष कुमार पाल
निमित्त प्रमुख



CamScanner